१११३।६२८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ६१९/२०७२/०७३

निर्णय नं. ७२५

जिल्ला रौतहट, भलोहिया गा.वि.स वडा नं. ६ बस्ने प्रविण कुमार शर्मा..............................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौं..........................................१ विपक्षी

सूचना अधिकारी, श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौं..........................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला रौतहट, भलोहिया गा.वि.स वडा नं. ६ बस्ने प्रविण कुमार शर्माले, श्री महालेखा नियन्त्रक कार्यालय काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री महालेखा नियन्त्रक कार्यालय, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. जिल्ला विकास समिति रौतहटमा लेखा अधिकृतको दरवन्दी कहिले देखि रहेको छ ?

२. सो दरवन्दीमा कार्यरत लेखा अधिकृतहरुको नाम ।

३. लेखा अधिकृतको दरबन्दी कहिले देखि रिक्त रहेको छ ? सो दरबन्दी रिक्त रहनुको कारण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।